"व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन"

# प्रदेश सरकार
# पर्यटन, वन तथा वातावरण मन्त्रालय
## कोशी प्रदेश
## विराटनगर (नेपाल)

पत्र संख्या :

चलानी नं. :

पर्यटन, वन तथा वातावरण मन्त्रालय प्रदेश सरकार कोशी प्रदेश विराटनगर (नेपाल)

डा. सन्जीव कुमार राई
प्रदेश सचिव

सूचना प्रकाशित मितिः २०८०/०३/१९

**उद्योग, प्रतिष्ठान एवं आयोजनाले स्वः अनुगमन प्रतिवेदन पेस गर्ने सम्वन्धी अत्यन्त जरुरी सूचना**

कोशी प्रदेश प्रदेश वातावरण संरक्षण ऐन, २०७६ को दफा १५ को उपदफा (२) मा मन्त्रालय वा सम्वन्धित निकायले नेपाल सरकार वा प्रदेश सरकारले लागू गरेका वातावरणीय मापदण्ड पालनाको सम्बन्धमा अनुगमन मूल्याङ्कन गर्ने तथा कोशी प्रदेश प्रदेश वातावरण संरक्षण नियमावली, २०७७ को नियम ४५ को उपनियम (३) मा प्रस्तावकले प्रस्तावको निर्माण तथा सञ्चालन गर्ने चरणमा सोबाट वातावरणमा परेको प्रभावको विषयमा प्रत्येक छ महिनामा स्वः अनुगमन गरी सोको प्रतिवेदन मन्त्रालय वा सम्बन्धित मन्त्रालय वा सम्बन्धित निकायमा पेस गर्ने कानूनी व्यवस्था छ ।

माथि उल्लिखित कानूनी व्यवस्था बमोजिम कतिपय उद्योग प्रतिष्ठान एवं आयोजनाहरुले स्वः अनुगमन कार्य गरेको नपाइएको प्रति मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ । अतः प्रदेशभित्र रहेका सम्पूर्ण उद्योग, प्रतिष्ठान एवं आयोजनाहरुले वातावरण संरक्षण नियमावलीको नियम ४५ को उपनियम (३) मा भएको व्यवस्था अनुसार स्वः अनुगमन गरी प्रतिवेदन मन्त्रालयमा अनिवार्य पेस गर्नहुन सूचित गरिन्छ । अन्यथा प्रचलित कानून बमोजिम हुने व्यहोरा अनुरोध छ ।

<u>प्रतिवेदन पेस गर्ने ठेगानाः</u>

पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश, विराटनगर ।

फोन नं.- ०२१-४६०२२४

इमेलः- **moitfepradesh1@gmail.com**